## नौबहिनी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १ मितिः २०८३/०१/१०

### भाग- २

### नौबहिनी गाउँपालिका

## सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावनाः** गाउँपालिका भित्रका ७ वटा वडाबाट त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आइरहेको छ। त्यसका लागि बाहाने बजारमा रहेको नेपाल इन्भेष्टमेन्ट बैंकसँग समन्वय गरेर बैंकका कर्मचारी, पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखाका कर्मचारी र नेपाल प्रहरीका सुरक्षाकर्मीहरुको टोली फिल्डमै खटिनु पर्ने हुन्छ। यस कार्यका लागि फिल्डमा खटिने कर्मचारीहरुलाई निश्चित फिल्ड भत्ता प्रदान गर्नुपर्ने हुन्छ। यस कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र प्रचलित कानुनको अधिकार प्रयोग गरी नौबहिनी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८३**" रहनेछ ।

(ख) यो कार्यविधि नौबहिनी गाउँपालिका कार्यपालिकाले स्वीकृत गरेपछि लागू हुनेछ ।

### ३. उद्देश्यः

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहनेछः

- योग्य सेवाग्राहीहरूलाई छिटो, सहज, पारदर्शी र सुरक्षित रूपमा भत्ता वितरण गर्नु ।
- वितरण कार्यलाई व्यवस्थित, मितव्ययी र जवाफदेही बनाउनु ।
- सेवाग्राहीको गोपनीयता, सुरक्षा र सुविधा सुनिश्चित गर्नु ।

---

## परिच्छेद-२ः कार्यक्षेत्र र वितरण प्रक्रिया

### ४. कार्यविधिको दायराः

यो कार्यविधि गाउँपालिका भित्रका निम्न ७ समूहका लाभग्राहीहरूलाई लागू हुनेछः
१. ज्येष्ठ नागरिक (अन्य),
२. ज्येष्ठ नागरिक (दलित),
३. एकल महिला,
४. विधवा महिला,
५. पूर्ण अपाङ्गता,
६. अति अशक्त अपाङ्गता र
७. दलित बालबालिका ।

### ५. वितरणको तालिका र स्थानः

(क) भत्ता वितरण एक आर्थिक वर्षमा ४ पटक (प्रत्येक तीन महिनामा एक पटक) गरिनेछ ।

(ख) बैंकको पहुँच सहज भएको वडा नं. ६ बाहेक अन्य ७ वटा वडा कार्यालयहरू (१, २, ३, ४, ५, ७ र ८) मा भत्ता वितरण गरिनेछ ।

(ग) वितरणको मिति र स्थान गाउँपालिकाले अग्रिम रूपमा निर्धारण गरी सूचना प्रकाशन गर्नेछ ।

**६. सूचना प्रवाहः** भत्ता वितरण हुनुभन्दा कम्तीमा ७ दिन अगाडि गाउँपालिकाको सामाजिक सञ्जाल, आधिकारिक इमेल, स्थानीय रेडियो, समाचारपत्र वा सार्वजनिक स्थलमा सूचना टाँस गरी जानकारी दिनुपर्नेछ ।

## परिच्छेद-३ः टोली गठन र जिम्मेवारी

### ७. भत्ता वितरण टोलीको गठनः

भत्ता वितरणका लागि देहाय बमोजिमको न्यूनतम ८ जनाको टोली खटाइनेछः

- सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा / अन्य कर्मचारीः २ जना
- नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. बाहाने शाखाः ३ जना
- हतियारधारी नेपाल प्रहरीः २ जना
- सवारी साधन चालकः १ जना

(नोटः लाभग्राहीको संख्या र भूगोलका आधारमा संख्या थपघट गर्न सकिनेछ)

### ८. सरोकारवालाको जिम्मेवारीः

- **गाउँपालिकाः** सूचना प्रवाह तथा समन्वय गर्ने ।
- **बैंकः** भत्ता रकमको तयारी, भुक्तानी र प्राविधिक सहयोग गर्ने ।
- **वडा कार्यालयः** स्थानीय स्तरमा सूचना दिने, हकवाला सिफारिस गर्ने र स्थल व्यवस्थापन गर्ने।
- **नेपाल प्रहरीः** सुरक्षा प्रदान गर्ने ।

## परिच्छेद-४ः भुक्तानी र सुरक्षा व्यवस्था

### ९. वितरण कार्यप्रक्रियाः

- **उपस्थित भएमाः** राष्ट्रिय परिचय पत्र, नागरिकता वा अपाङ्गता परिचय-पत्र जाँच गरी बायोमेट्रिक वा हस्ताक्षर प्रमाणीकरण मार्फत बैंकले भुक्तानी दिनेछ ।

- **अनुपस्थित भएमाः** सेवाग्राही उपस्थित हुन नसक्ने अवस्थामा वडा कार्यालयको सिफारिस, नाता प्रमाणित र आवश्यक कागजात सहित प्रत्यक्ष हकवालाले बैंकमा उपस्थित भई भुक्तानी लिन सक्नेछन् ।

**१०. सुरक्षा व्यवस्थाः**

भत्ता वितरणमा हतियारधारी नेपाल प्रहरीको अनिवार्य उपस्थिति रहनेछ । नगद वा डिजिटल भुक्तानीको सुरक्षामा कुनै घटना भएमा तत्काल गाउँपालिका र बैंकलाई सूचित गर्नुपर्नेछ ।

**परिच्छेद-५ः आर्थिक र विविध व्यवस्था**

**११. खर्च व्यवस्थापनः**

(क) खटिने कर्मचारीहरूलाई **अनुसूची-१** बमोजिमको फिल्ड भत्ता गाउँपालिकाले उपलब्ध गराउनेछ ।
(ख) प्राप्त भत्ता रकमबाट नियमानुसार करकट्टी गरिनेछ ।
(ग) आर्थिक वर्ष २०८२।०८३ को लागि कार्याललेे उपयुक्त कुनै शिर्षकबाट बजेट व्यवस्था गर्ने छ।
(घ) यो कार्यविधि लागू हुनु भन्दा पहिले भएका काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।
(ङ) अन्य अतिरिक्त खर्च बैंक वा गाउँपालिकाले बेहोर्ने छैन ।

**१२. अभिलेखीकरण र रिपोर्टिङः**

प्रत्येक वितरणपछि वडा र बैंकले संयुक्त रूपमा लाभग्राहीको विवरण र बाँकी सूची तयार गरी गाउँपालिकामा त्रैमासिक प्रतिवेदन बुझाउनुपर्नेछ । उक्त अभिलेख ५ वर्षसम्म सुरक्षित राख्नुपर्नेछ ।

**१३. कार्यान्वयन र संशोधनः**

कार्यविधि कार्यान्वयनमा विवाद भएमा गाउँपालिका प्रमुखको निर्णय अन्तिम हुनेछ । आवश्यकता अनुसार कार्यपालिकाले यस कार्यविधि संशोधन गर्न सक्नेछ ।

**अनुसूची-१**

| क्र.सं. | खटिने कर्मचारीको तह | पाउने रकम | कैफियत |
|---|---|---|---|
| १ | अधिकृत | १६०० | |
| २ | सहायक | १२०० | |
| ३ | श्रेणी बिहिन | १००० | |

यसरी खटिइ जाने कर्मचारीहरुले प्राप्त गरेको भत्ता रकमबाट नियमानुसारको करकट्टी गरिनेछ ।

आज्ञाले,

नामःखड्ग वि क

प्रमुख प्रशासकीय अधिकृत